## मिति २०८१ जेष्ठ २७ गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका वैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं. २ : स्थानीय राजस्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. ३ : श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं. ४ : भुक्तानी म्याद थप सम्बन्धमा सम्बन्धमा ।
प्रस्ताव नं. ५ : खर्च प्रगति सम्बन्धमा ।
प्रस्ताव नं. ६ : नगर सभाको पूर्व तयारी सम्बन्धमा
प्रस्ताव नं. ७ : बाल अधिकार समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. ८ : सुरक्षित आप्रवासन कार्यक्रम (सामी परियोजना) सम्बन्धमा ।
प्रस्ताव नं. ९ : नयाँ सडक ट्र्याक निर्माणका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १० : भवन अभिलेखिकरण सम्बन्धमा ।
प्रस्ताव नं. ११ : मेलम्ची बजारको जोखिम सम्बन्धमा ।
प्रस्ताव नं. १२: मेलम्ची फट्टे मोटरेवल पुलको DPR तथा वातावरणी अध्ययन प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १३: नगरपालिकाको प्रबक्ता सम्बन्धमा ।
प्रस्ताव नं. १४: बहाल बिटौरी शुल्क सम्बन्धमा ।
प्रस्ताव नं. १५: अनुगमन प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं. १६: पशुपती महास्नान गुठीको जग्गा सम्बन्धमा ।
प्रस्ताव नं. १७: अनुगमन समितिमा मनोनित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १८: ब्याक हो लोडर अपरेटर नियूक्ति सम्बन्धमा ।
प्रस्ताव नं. १९: घटना दर्ता शुल्क संशोधन सम्बन्धमा ।
प्रस्ताव नं. २०: नाम संशोधनका लागि सिफारिस गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. २१: भेरियसन स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. २२: नगरस्तरीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. २३: योजना संशोधन सम्बन्धमा ।
प्रस्ताव नं. २४: अध्ययनका लागि पूर्व स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. २५: अधिकार प्रत्यायोजन सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७१

CamScanner

## निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८१/०१/३० गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका वैठकमा छलफल तथा समीक्षा गरियो। हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरू तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. २ : स्थानीय राजस्व परामर्श समितिको मिति २०८१/०२/२३ गतेको बैठकबाट पेश भएको मेलम्ची नगरपालिकाको आ.व. २०८०/०८१ को अनुसूची-१ मा उल्लिखित आर्थिक विधेयक, २०८१ को सम्बन्धमा आजको यस बैठकमा छलफल गरियो। साथै, उक्त आर्थिक विधेयक, २०८१ स्वीकृतिको लागि आगामी नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ३ : श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८१/०२/२४ गतेको बैठकबाट पेश भएको मेलम्ची नगरपालिकाको आ.व. २०८०/०८१ को लागि अनुसूची-२ मा उल्लिखित आन्तरिक आय सहितको श्रोत अनुमान स्वीकृतिको लागि आगामी नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ४ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८०/०८१ मा उपभोक्ता समिति मार्फत संचालन गरिएका योजनाहरुको भुक्तानी म्याद मिति २०८१ ज्येष्ठ मसान्तसम्म थप गरिएकोमा उक्त अवधि भित्र उपभोक्ता समिति मार्फत संचालन गरिएका योजनाहरुको भुक्तानीका लागि हालसम्म पनि उपभोक्ता समितिहरु काम सम्पन्न गरी नएको हुँदा उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको भुक्तानी म्याद मिति २०८१ असार २५ गतेसम्म थप गर्ने निर्णय गरियो।

निर्णय नं. ५ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८०/०८१ को श्रावण देखि २०८१ ज्येष्ठ २७ गतेसम्म भएका विभिन्न कोषहरु तथा विनियोजन तर्फको खर्च प्रगति सम्बन्धमा छलफल गरी जानकारी गराइयो।

निर्णय नं. ६ : मेलम्ची नगरपालिकाको आ.व. २०८१/०८२ को नगर सभाको १६ औं अधिवेशनको मिति २०८१ असार ९ गते तय गर्ने निर्णय गरियो। साथै, नगर सभाको तयारीको लागि मिति २०८१ असार ५ र ६ गते पूर्व तयारी बैठक बस्ने निर्णय गरियो।

निर्णय नं. ७ : मेलम्ची नगरपालिका अन्तर्गत बाल अधिकार समितिको मिति २०८१/०२/२१ गतेको बैठकबाट भएका देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

### तपसिल

(क) मेलम्ची नगरपालिका वडा नं. ११ स्थायी निवासी नर बहादुर र रमा दुनुवारका छोरा र छोरीहरु क्रमश: मनिष दनुवार वर्ष ९ को, मनिषा दनुवार वर्ष १३ को र उषा दनुवार वर्ष १० को बालबालिकाहरुको आमा अर्कैसंग विवाह गरी गएको तथा निजको बुबाको मृत्यु हुनुको साथै निजहरुको

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७१

CamScanner

आर्थिक अवस्था अत्यन्तै कमोजर भएकोले निज बालबालिकाहरुलाई नि:शुल्क अध्ययन र पालनपोषणका लागि मेलम्ची नगरपालिका वडा नं. ६ स्थित फ्रेण्स अफ हिमालयन चिल्ड्रेन नामक संस्थामा सिफारिस गर्ने निर्णय गरियो। साथै, मेलम्ची नगरपालिका वडा नं. ७ स्थायी निवासी राम बहादुर तामाङ र पिङ्गाई तामाङको छोरीहरु क्रमश: वर्ष १० को रिता तामाङ र वर्ष १२ को सिर्जना तामाङको आमाको मृत्यु भएको र बाबुको आर्थिक अवस्था कमोजर भएकोले निजहरुको पठन पाठन र पालन पोषणका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित निवेदन प्राप्त भएकोमा चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ९ कदमबास स्थित मित्रता संघको सहमति पत्र प्राप्त भए पश्चात निज बालिकाहरुलाई उक्त संस्थामा सिफारिस गर्ने।

(ख) मेलम्ची नगरपालिका अन्तर्गत नगर बाल सञ्जालको भेलाबाट आ.व. २०८१/०८२ को लागि देहाय बमोजमिका कार्यक्रमहरु माग गर्ने निर्णय गरिएकोमा उक्त कार्यक्रमहरु नगरपालिकाको आगामी आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रममा समावेश गर्नका लागि सिफारिस गर्ने।

तपसिल

१. आत्मरक्षा तथा नेतृत्व विकास सम्बन्धी तालिम

२. वडास्तरमा बाल भेला गरी आवश्यकता पहिचान

३. विद्यालय वरिपरी मदिरा एवं सूर्तीजन्य पदार्थ बिक्री वितरण नियन्त्रण सम्बन्धी कार्यक्रम

४. बाल विवाह, बाल यौन दुर्व्यवहार, किशोर अवस्थामा हुने परिवर्तन व्यवस्थापन, तनाब व्यवस्थापन, लागु औषध नियन्त्रण र साइबर सुरक्षा सम्बन्धी कार्यक्रम

५. जोखिममा परेका र पर्न सक्ने बालबालिकाहरुको तथ्याङ्क संकलन एवं संरक्षण कार्यक्रम

(ग) मेलम्ची नगरपालिका भित्रका सम्बन्धित वडा कार्यालयको सिफारिस सहित पुन: निवेदन प्राप्त भएका एवं आर्थिक अवस्था कमजोर भएका देहाय बमोजिमका बालबालिकाहरुको पठन पाठनको लागि मेलम्ची नगरपालिकाको मेलम्ची नगरस्तरीय बाल संरक्षण कोष खातामा प्राप्त भएको ब्याज रकमबाट २०८० श्रावण देखि २०८१ असार मसान्तसम्मको प्रति बालबालिका मासिक रु. १०००।– का दरले ३ जनाको वार्षिक जम्मा रु. ३६,०००।– (छत्तिस हजार रुपैयाँ मात्र) आर्थिक सहायता उपलब्ध गराउने।

तपसिल

| क्र.सं. | बालबालिकाको नाम, थर | ठेगाना | बाबु वा आमाको नाम, थर | बाबु आमाको अवस्था |
|---|---|---|---|---|
| १ | प्रशान्त तामाङ | मेनपा ६ | मन मान तामाङ | बाबुको मृत्यु भएको र आमा अन्यत्र विवाह गरी गएको |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७२

| | | | | |
|---|---|---|---|---|
| २ | अस्मिता रम्तेल | मेनपा ११ | विशाल रम्तेल | बाबुको मृत्यु भएको र आमा अन्यत्र विवाह गरी गएको |
| ३ | अञ्जना नेपाली | मेनपा १० | अर्जुन र रितिका नेपाली | बाबुको मृत्यु भएको र आमा अन्यत्र विवाह गरी गएको |

(घ) मेलम्ची नगरपालिकाबाट निर्माण गरिएको बाल गीत विद्यालय समय छुट्टी पश्चात नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा अनिवार्य रुपमा बजाउने व्यवस्थाका लागि शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत सबै सामुदायिक विद्यालयहरुलाई निर्देशन गर्ने।

निर्णय नं. ८ : मेलम्ची नगरपालिकाबाट बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको संख्या दिन प्रतिदिन बढ्दै गएको, बैदेशिक रोजगारीमा रहेका र जान चाहने व्यक्तिहरु समेत विभिन्न अवैधानिक बाटो प्रयोग गरी बैदेशिक रोजगारीमा जाने र समस्यामा पर्ने गरेकोले यस्ता अवैधानिक क्रियाकलापहरुको रोकथाम, नियन्त्रण, काउन्सिलिङ लगायतका कार्य गर्न अवश्यक भएको र सुरक्षित आप्रवासन कार्यक्रमले (सामी परियोजना) समेत यस नगरपालिकामा कार्यक्रम संचालन गर्न अनुरोध गरेको हुँदा यस नगरपालिकाको लागत साझेदारीमा उक्त कार्यक्रम संचालनका लागि प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो।

निर्णय नं. ९ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित भदौरे कर्मे अर्चले नयाँ सडक ट्र्याक निर्माण गर्न अनुमतिका लागि प्राविधिक प्रतिवेदन सहित सम्बन्धित वडा कार्यालयबाट सिफारिस पेश भएको हुँदा वडा कार्यालयको सिफारिस बमोजिम उक्त सडकको नयाँ ट्र्याक निर्माणका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १० : मेलम्ची नगरपालिकाबाट नगरपालिका घोषणा हुनु पूर्व निर्माण गरिएका घरहरुको अभिलेखीकरण गर्नका लागि एक वर्ष समय सीमा कायम गरी खुला गरिएकोमा उक्त समय सीमा भित्र घरहरुको अभिलेखीकरण गर्ने कार्य अझै बाँकी रहेको र अभिलेखीकरण गर्ने म्याद समेत समाप्त भएकोले सोही प्रयोजनाका भवनहरुको अभिलेखिकरणका लागि मिति २०८२ असार मसान्त म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं. ११ : मिति २०७८ साल असार १ गते मेलम्ची नदीमा आएको भिषण बाढीबाट मेलम्ची र ईन्द्रावती नदी किनारमा रहेका भौतिक संरचना एवं जग्गा जमिनहरुमा क्षती पुगेको र हाल नगरपालिका, संघीय एवं प्रदेश सरकार र स्थानीय नागरिकहरुको संयुक्त प्रयासबाट मेलम्ची बजारमा रहेका बाढीबाट क्षति भएका अधिकांश घरहरुको मर्मत संभार र पुनर्निर्माणको कार्य सम्पन्न भएको छ भने थोरै घरहरु

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७१

निर्माणको चरणमा रहेको छन् र हाल मेलम्ची बजारमा दिन प्रतिदिन व्यापारिक चहलपहल बढ्न थालेको कारण मेलम्ची बजार जोखिमयुक्त बजारको रुपमा नभएको र यस अघि पनि कार्यपालिका वैठकबाट मेलम्ची बजारलाई जोखिमयुक्त बजारको रुपमा कुनै पनि निर्णय नगरेको जानकारी गराउने निर्णय गरियो।

निर्णय नं. १२ : बि.सं. २०७८ साल असार १ गते मेलम्ची नदीमा आएको भिषण बाढीबाट मेलम्ची स्थित फट्टे हुँदै दुवाचौर जोड्ने पक्की मोटरेवल पुल पूर्ण रुपमा क्षति भई आवतजावत र दैनिक यातायात संचालनमा कठिनाई उत्पन्न भएको हुँदा उक्त स्थानमा नयाँ पक्की मोटरेवल पुल निर्माणको लागि मेलम्ची नगरपालिकाले निर्माण गरेको मोटरेवल पुलको DPR, लागत अनुमान, डिजाइन र ड्रोइङ्ग स्वीकृत गर्ने निर्णय गरियो । साथै, उक्त पुलको वातावरणीय अध्ययन प्रतिवेदन समेत स्वीकृत गर्नुका साथै उक्त पुलको प्राविधिक पक्षको थप अध्ययन गरी खरिद प्रक्रिया अगाडि बढाउनको लागि पूर्वाधार विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडासंग थप समन्वय गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो।

तपसिल

१. मेलम्ची न.पा. उपप्रमुख श्री उमा प्रधान – संयोजक
२. वडा नं. ७ का वडा अध्यक्ष श्री पासाङ तामाङ – सदस्य
३. वडा नं. ११ का वडा अध्यक्ष श्री चन्द्र बहादुर तामाङ – सदस्य
४. ई. श्री जित बहादुर कार्की – सदस्य सचिव

निर्णय नं. १३ : मेलम्ची नगरपालिकाको प्रबक्ताको रुपमा वडा नं. ७ का वडा अध्यक्ष एवं कार्यपालिका सदस्य श्री राजु रायमाझीलाई तोक्ने निर्णय गरियो।

निर्णय नं. १४ : मेलम्ची नगरपालिका वडा नं. ५ स्थायी निवासी सोबिता बस्नेतले सोही वडाको मध्य पहाडी लोकमार्ग आसपासमा सार्वजनिक जग्गा प्रयोग गरी सावल कृषि तथा पशु पालन फर्म संचालन गर्दै आउनु भएको र निजले प्रयोग गरिरहेको सार्वजनिक जग्गा नाँपजाच गरी बहाल बिटौरी शुल्क निर्धारका लागि सम्बन्धित वडा कार्यालयबाट वडा समितिको निर्णय र सिफारिस सहित अनुरोध भई आएको हुँदा मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १० को उपदफा (१) को खण्ड ख मा भएको व्यवस्था बमोजिम बहाल बिटौरी शुल्क प्राप्त गर्ने गरी हाल फर्मले प्रयोग गरिरहेको जग्गा सावल कृषि तथा पशु पालन फर्मलाई प्रयोग गर्न दिने निर्णय गरियो। साथै, उक्त जग्गाको नाँपजाँच गरी प्रतिवेदन पेश गर्नका लागि कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. १५ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८०/०८१ मा संचालित विभिन्न योजनाहरुको स्थलगत रुपमा गरिएको अनुसूची-३ बमोजिमको अनुगमन प्रतिवेदन आजको यस वैठकमा पेश भई छलफल गरियो।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७२

निर्णय नं. १६ : पशुपती महास्नान गुठीको नाममा दर्ता भई सोही वडामा बसोबास गर्ने विभिन्न व्यक्तिहरुको नाममा मोही कायम भएको मेलम्ची नगरपालिका वडा नं. १३ को अधिकांश गुठी जग्गाहरुको विगत लामो समय देखि तिरो नतिरी बक्यौता रहेको, परापूर्व काल देखि उक्त जग्गाहरु सम्बन्धित मोही कायम भएका कृषकहरुले भोगचलन गर्दै आएकाले उक्त जग्गाको हालसम्मको तिरो मिनाह र गुठीको स्वामित्वमा भएको जग्गालाई रैकर गरी जग्गा धनी प्रमाण पूर्जा उपलब्ध गराउन आवश्यक पहलको लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम नियमानुसार सहजीकरणका लागि गुठी संस्थान र सम्बन्धित मन्त्रालयलयमा लेखि पठाउने निर्णय गरियो।

निर्णय नं. १७ : मेलम्ची नगरपालिका वडा नं. ११ का वडा अध्यक्ष एवं पूर्वाधार विकास समितिका संयोजक श्री चन्द्र बहादुर तामाङलाई मेलम्ची नगरपालिकाको अनुगमन कार्यमा समावेश गराउने निर्णय गरियो।

निर्णय नं. १८ : ईन्द्रावती गाउँपालिका वडा नं. ४ स्थायी निवासी श्री महेन्द्र कुमार अधिकारीले यस कार्यालयमा रिक्त रहेको ब्याक हो लोडर अपरेटर पदमा सेवा गर्ने अवसर पाउँ भनि निवेदन पेश गरेको हुँदा निजलाई रिक्त ब्याक हो लोडर अपरेटर पदमा आन्तरिक श्रोतबाट सेवा सुविधा उपलब्ध गराउने गरी करार सेवामा नियूक्ति गर्ने निर्णय गरियो।

निर्णय नं. १९ : नेपाल सरकार पञ्जिकरण विभागबाट निर्धारण भई आएका घटना दर्तासंग सम्बन्धित विभिन्न शुल्कहरु स्थानीय सेवाग्राहीहरुले महंगो भएको गुनोसो व्यक्त गरेको हुँदा उक्त शुल्कको दर संशोधनका लागि पञ्जिकरण विभागमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. २० : मेलम्ची नगरपालिका वडा नं. २ को च.नं. ९५१ मिति २०८१/०२/२७ को पत्र तथा च.नं. ९५२ मिति २०८१/०२/२७ को पत्रबाट क्रमश: मेलम्ची नगरपालिका वडा नं. २ को नाम भोटेचौर रहन गएकोमा उक्त नाम संशोधन गरी जैशीगाउँ कायम गरिदिन र मेलम्ची नगरपालिका वडा नं. २ स्थित स्वास्थ्य संस्थाको नाम भोटेचौर स्वास्थ्य इकाई कायम भएकोमा उक्त नाम संशोधन गरी निबुगाउँ स्वास्थ्य चौकी कायम गरिदिनको लागि अनुरोध भई आएको हुँदा उक्त दुबै नामहरु संशोधन गर्न आवश्यक निर्णयका लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. २१ : मिति २०८० चैत्र ३० गतेको कार्यपालिका वैठक निर्णय नं. १६ ले उल्लिखित योजना मति २०८१ वैशाख १५ गतेसम्म म्याद थप गरेकोमा हाल फिल्ड तथा प्राविधिक बिल अध्ययन गर्दा, मेलम्ची नगरपालिका वडा नं. १ स्थित भोटेचौर एकिकृत पर्यटकीय पूर्वाधार योजना निर्माणका लागि (मू.अ.कर र कन्टेन्जेन्सी बाहेक) रु.२,२४,०३,७६५।२९ प्राविधिक लागत अनुमान स्वीकृत भई निर्माण

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

CamScanner

कम्पनी सुनकोशी वल्ड वाइड आकाश जे.भी. , सिन्धुपाल्चोकसंग (मू.अ.कर र कन्टेन्जेन्सी बाहेक) रु. १,८१,८८,२३३।४१ मा सम्झौता गरिएकोमा उक्त पर्यटकीय पूर्वाधार योजना निर्माणको क्रममा भौगोलिक अवस्था, निर्माणस्थलको अवस्था आदिको कारणबाट स्वीकृत गरिएको परिमाण र कार्यहरुमा थपघट हुन गएको र समग्रमा निर्माण व्यवसायीको ठेक्का सकार गर्दाको शुरु अवधिमा स्वीकृत गरिएको घटी प्रतिशतसंग कन्ट्याक्ट ब्यालेन्स हुने गरी प्राविधिक प्रतिवेदन र हाल साइटको अवस्था बमोजिमका आवश्यक संरचनाहरु जस्तै: पार्क ढलान, पार्कमा ब्लक बिछयाउने, पाटी निर्माण लगायतका संरचनाहरु निर्माण हुने गरी सोको भेरियसन स्वीकृत गर्ने निर्णय गरियो । साथै, उक्त कार्य सम्पन्न गर्नको लागि मिति २०८१ भाद्र मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. २२ : नगरस्तरीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल समितिको मिति २०८१/०२/१७ गतेको बैठकबाट भएका तपसिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

(क) मेलम्ची नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट देहाय बमोजिमका योजनाहरु तथा आर्थिक सहायतामा भएको खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | खर्च विवरण | ठेगाना | खर्च रकम रु. |
|---|---|---|---|
| १ | मेनपा-१० स्थित सितलादेवी मा.वि. को ट्रस निर्माण | मेलम्ची-१० | २४४०० |
| २ | मेनपा-११ स्थित आगलागी प्रभावित विजय तामाङलाई आर्थिक सहयोग | मेलम्ची-११ | २८००० |
| ३ | विपद् प्रभावितहरुको निजि आवास पुनर्निर्माणको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा जम्मा गरिएको | - | १५००००० |
| ४ | मेनपा-१३ स्थित आगलागी पिडित लिला प्रसाद खतिवडालाई आर्थिक सहयोग | मेलम्ची-१३ | १५००० |
| ५ | पूर्वान्चल गन्धर्व सांस्कृतिक उत्थान समाजलाई आर्थिक सहयोग | - | २५००० |
| ६ | मेनपा-४ स्थित आगलागी पिडित विशाल तामाङलाई आर्थिक सहयोग | मेलम्ची-४ | २०००० |
| ७ | मेनपा-६ स्थित कमल बहादुर मगरलाई आर्थिक सहयोग | मेलम्ची-६ | १५००० |

मेलम्ची नगर कार्यपालिका कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७३

CamScanner

| क्र.स. | खर्च विवरण | ठेगाना | खर्च रकम रु. |
|---|---|---|---|
| ८ | मेनपा-६ स्थित पूर्ण बहादुर तामाङलाई आर्थिक सहयोग | मेलम्ची-६ | १५००० |
| ९ | मेनपा-६ स्थित बलराम श्रेष्ठलाई आर्थिक सहयोग | मेलम्ची-६ | १५००० |
| १० | मेनपा-१२ स्थित आगलागी पिडित ईन्द्र बहादुर माझीलाई राहत सहयोग | मेलम्ची-१२ | ११४०० |
| ११ | मेनपा-९ स्थित मिरा धिताललाई आर्थिक सहयोग | मेलम्ची-९ | १५००० |
| १२ | मेनपा-१२ स्थित वसन्त लामिछानेलाई आर्थिक सहयोग | मेलम्ची-१२ | १५००० |
| १३ | मेनपा-२ स्थित घर संरक्षणको रकम गणेश प्रसाद चौलागाईलाई भुक्तानी | मेलम्ची-२ | ३९४०० |
| १४ | विपद् व्यवस्थापन सम्बन्धि सामाग्री खरिद | - | ११९४०० |
| जम्मा खर्च | | | १८५७६०० |

(ख) मेलम्ची नगरपालिका भित्र रहेका सम्पूर्ण सरोकारवाला निकायहरु र जल तथा मौषम विभागका प्रतिनिधिको उपस्थितिमा आसन्न मनसुनको पूर्व तयारी तथा अघिल्लो मनसुनको समयमा भए गरेका कार्यहरु सम्बन्धमा समिक्षा गरियो । साथै आसन्न मनसुनको पूर्व तयारी एवंम् जोखिम न्यूनीकरणका लागि सम्पूर्ण निकायहरुलाई पूर्व तयारीमा लाग्नका लागि अनुरोध गर्ने निर्णय गरियो ।

(ग) मेलम्ची नगरस्तरीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समिती, विभिन्न सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाईटी मेलम्ची उपशाखा, स्थानीय स्काउट कार्यालय मेलम्ची, सामुदायिक विकास तथा वातावरण संरक्षण मंच लगायतका अन्य सङ्घसंस्थाको आयोजनामा मिति २०८० जेष्ठ २१ गते र आवश्यकता अनुसार अन्य दिनहरुमा कृतिम घटना अभ्यास कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो।

(घ) मेलम्ची नगरपालिका स्थित तपसिलमा उल्लेखित सडक खण्डहरु मेलम्ची खानेपानीको पहुँचमार्ग जाने मुख्य सडकखण्ड हुनुका साथै छिमेकी पालिकाहरु क्रमश: हेलम्बु गाउँपालिका र पाँचपोखरी थांगपाल गाउँपालिका जाने मुख्य सडक मार्ग रहेको हुँदा वर्षाको समयमा सडक अवरुद्द भई आवागमनमा समस्या निम्त्याउने देखिएको हुँदा सो सडक खण्डहरुको जोखिम न्यूनीकरण गरी तत्काल सडक मर्मत सम्भार गर्न आवश्यक बजेट विनियोजन गरिदिनका लागि सडक बोर्ड नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७१

तपसिल:

| क्र.स. | सडकखण्डको विवरण | आवश्यक बजेट | कैफियत |
|---|---|---|---|
| १. | मेलम्ची-हेलम्बु सडक खण्ड | १ करोड | |
| २. | मेलम्ची-खाल्डे-तिपेनी सडक खण्ड | १ करोड | |

निर्णय नं. २३ : मेलम्ची नगरपालिका अन्तर्गत शाखा र वडामा विनियोजन भएको बजेट तथा योजना संशोधनका लागि अनुरोध भई आएकोमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नगर सभाबाट स्वीकृत भएको साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | नेपाल कुलाइन मोटर बाटो संरक्षण, मेनपा १२ | ५,००,०००।– | थाक्ले बुद्ध पार्क मर्मत , मेनपा १२ | ५,००,०००।– |
| २ | शिक्षक तथा कर्मचारी तालिम | २५,००,०००।– मध्ये | बाल सुधार मा.वि. दिवा खाजाको लागि भान्साघर निर्माण | १०,००,०००।– |
| | | | ईन्द्रेश्वरी मा.वि. विविध भौतिक पूर्वाधार स्तरोन्नती | १०,००,०००। |
| ३ | बाल विकास देखि कक्षा ३ सम्म बालमैत्री कक्षाकोठा व्यवस्थापन | १,५०,००,०००।– मध्ये | जलवाई देवी मा.वि. भवन फिनिसिङ र भान्साघर निर्माण | १०,००,०००।– |
| | | | जलेश्वरी आ.वि. घेराबार निर्माण | ८५,०००।– |
| | | | चिप्लिङ आ.वि. फल्स सिलिङ निर्माण | ५०,०००।– |
| | | | रक्तकाली आ.वि. विविध भौतिक पूर्वाधार स्तरोन्नती | ३,००,०००।– |
| | | | जल्केश्वरी आ.वि. बाल | १,००,०००।– |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७१

| क्र.सं. | नगर सभाबाट स्वीकृत भएको साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| | | | विकास कक्षा कोठा व्यवस्थापन | |
| ४ | प्राविधिक तथा व्यवसायिक तालिम सञ्चालन | १०,००,०००।– | सिन्धुभ्याली क्याम्पस मागमा आधारित कार्यक्रम | ५,००,०००।– |
| | | | ईन्द्रावती क्याम्पस मागमा आधारित कार्यक्रम | ५,००,०००।– |

निर्णय नं. २४ : मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा प.हे.न.समूह, सि.अ.न.मी. (पाँचौं) (योग्यता –स्टाफ नर्स) पदमा कार्यरत (क.स.नं. २२२६२६) दिक्षा ढुङ्गानाले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, विर अस्पताल, काठमाडौंद्धारा आ.व. २०८१/०८२ मा संचालन हुने एक वर्षे एनेस्थेसिया असिष्टेन्ट कोर्ष अध्ययनका लागि पूर्व स्वीकृति माग गर्नु भएको हुँदा निजलाई उक्त विषय अध्ययनका लागि पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २५ : मेलम्ची नगरपालिकासंग सम्बन्धित विभिन्न योजना तथा अन्य विषयहरुमा सम्मानित अदालतहरुमा दायर भएका विभिन्न मुद्धाहरुमा नगरपालिकाको तर्फबाट लिखित जवाफ पेश गर्न, बहस, पैरवी, पेशी लगायतका अदालती प्रक्रियाहरुमा आफैं वा वारेसनामा मार्फत सहभागी हुनको लागि नगरपालिकाको तर्फवाट यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री अशोक कुमार भट्टराईलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

२०८१/८/२६

CamScanner

अनुसूची -२

मेलम्ची नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

मेलम्ची, सिन्धुपाल्चोक

**राजश्व तथा अनुदान प्राप्तिको अनुमान**

| क्र.सं. | राजस्व शिर्षक | राजश्व संकेत नं. | आ.व. २०८०/०८१ को चैत्र महिनासम्मको यथार्थ आय | आ.व. २०८०/०८१ को संशोधित अनुमान | आ.व. २०८१/०८२ को प्रक्षेपण | आ.व. २०८२/०८३ को प्रक्षेपण | आ.व. २०८३/०८४ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| 1 | सम्पति कर | 11313 | 2207315.60 | 3000000.00 | 3300000.00 | 3500000.00 | 3500000.00 |
| 2 | घरजग्गा बहाल कर | 11321 | 1117938.05 | 3000000.00 | 3300000.00 | 3300000.00 | 3300000.00 |
| 3 | घरजग्गा रजिष्ट्रेशन शुल्क | 11315 | 5503227.00 | 35000000.00 | 35000000.00 | 35000000.00 | 35000000.00 |
| 4 | सेवा शुल्क | 14243 | 5814182.51 | 5000000.00 | 6000000.00 | 6500000.00 | 6500000.00 |
| 5 | सेवा दस्तुर | 14244 | 1551287.89 | 2000000.00 | 3000000.00 | 3500000.00 | 3500000.00 |
| 6 | पर्यटन शुल्क | 14191 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 7 | विज्ञापन कर | 11472 | 0.00 | 332915.00 | 366206.50 | 402827.15 | 500000.00 |
| 8 | व्यवसाय कर | 14611 | 8346951.50 | 10000000.00 | 13000000.00 | 13000000.00 | 13000000.00 |
| 9 | भुमिकर (मालपोत) | 11314 | 1802380.40 | 2500000.00 | 2600000.00 | 2700000.00 | 2700000.00 |
| 10 | दण्ड जरिवाना | 14312 | 4034238.27 | 4034238.27 | 150000.00 | 150000.00 | 150000.00 |
| 11 | मनोरञ्जन कर | 11479 | 0.00 | 0.00 | 10000.00 | 10000.00 | 10000.00 |
| 12 | बहाल बिटौरी कर | 11322 | 2636260.00 | 3500000.00 | 3500000.00 | 3500000.00 | 3500000.00 |
| 13 | जडीबुटी, कबाडी र जीवजन्तु कर | 11632 | 7328.00 | 260000.00 | 100000.00 | 100000.00 | 100000.00 |
| 14 | प्राकृतिक श्रोत साधन व्यवसायिक कर (ढुङ्गा, गिट्टी, वालुवा) | 14219 | 190589970.69 | 310644837.76 | 331500000.00 | 350000000.00 | 350000000.00 |
| 15 | जि.स.स. अनुदान | | 0.00 | 5000000.00 | 0.00 | 0.00 | 0.00 |
| | **जम्मा** | | **223611079.91** | **384271991.03** | **401826206.50** | **421662827.15** | **421760000.00** |
| राजश्व बाँडफाँड :- | | | | | | | |
| 1 | संघीय राजश्व बाँडफाँड (±) | | 62002789.29 | 120406000.00 | 123899185.00 | 136289103.50 | 149918013.85 |
| 2 | प्रदेश राजश्व बाँडफाँड (±) | | 85158189.11 | 130721257.32 | 123616350.00 | 135977985.00 | 149575783.50 |
| 3 | जि स स मौज्दात कोष बाँडफाँड (±) | | | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 4 | राजश्व बाँडफाँड हस्तान्तरण (–) | | | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 5 | मु.अ.क. दाखिला (–) | | | 0.00 | 0.00 | 0.00 | 0.00 |
| | **जम्मा** | | **147160978.40** | **251127257.32** | **247515535.00** | **27[illegible]67088.50** | **299493797.35** |

| क्र.सं. | राजस्व शिर्षक | राजश्व संकेत नं. | आ.व. २०८०/०८१ को चैत्र महिनासम्मको यथार्थ आय | आ.व. २०८०/०८१ को संशोधित अनुमान | आ.व. २०८१/०८२ को प्रक्षेपण | आ.व. २०८२/०८३ को प्रक्षेपण | आ.व. २०८३/०८४ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| अन्य आय :- | | | | | | | |
| 1 | वेरुजु असुली | | | 3000000.00 | 3000000.00 | 3000000.00 | 3000000.00 |
| 2 | गत वर्षको मौज्दात | | 236047570.23 | 236047570.23 | 30000000.00 | 30000000.00 | 30000000.00 |
| | जम्मा | | 236047570.23 | 239047570.23 | 33000000.00 | 33000000.00 | 33000000.00 |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण :- | | | | | | | |
| संघीय सरकारबाट प्राप्त हुने अनुदान :- | | | | | | | |
| 1 | नेपाल सरकार-समानीकरण अनुदान-नगद अनुदान | | 99055000.00 | 180100000.00 | 182400000.00 | 200640000.00 | 220704000.00 |
| 2 | नेपाल सरकार-सशर्त अनुदान-नगद अनुदान (चालु) | | 294300000.00 | 392400000.00 | 402200000.00 | 442420000.00 | 486662000.00 |
| 3 | नेपाल सरकार-सशर्त अनुदान-नगद अनुदान (पुँजीगत) | | 6892000.00 | 17000000.00 | 1300000.00 | 1430000.00 | 1573000.00 |
| 4 | नेपाल सरकार-समपुरक अनुदान-नगद अनुदान | | 7500000.00 | 10000000.00 | 15000000.00 | 10000000.00 | 10000000.00 |
| 5 | नेपाल सरकार-विशेष अनुदान-नगद अनुदान | | 12675000.00 | 16900000.00 | 24000000.00 | 26400000.00 | 29040000.00 |
| 6 | नेपाल सरकार-प्रदेश तथा स्थानीय तह क्षमता | | 199261.75 | 335500.00 | 400000.00 | 440000.00 | 484000.00 |
| 7 | प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी | | 3043276.18 | 6000000.00 | 3900814.00 | 4290895.40 | 4719984.94 |
| 8 | अन्य संस्थाबाट प्राप्त हुने साझेदारी | | | 0.00 | 0.00 | 0.00 | 0.00 |
| | जम्मा | | 423664537.93 | 622735500.00 | 629200814.00 | 685620895.40 | 753182984.94 |
| प्रदेश सरकारबाट प्राप्त हुने अनुदान :- | | | | | | | |
| 1 | प्रदेश सरकार-वित्तीय समानीकरण अनुदान-नगद | | 15039000.00 | 20052000.00 | 19771000.00 | 21748100.00 | 23922910.00 |
| 2 | प्रदेश सरकार-सशर्त अनुदान-नगद | | 7777500.00 | 10370000.00 | 11407000.00 | 12547700.00 | 13802470.00 |
| 3 | प्रदेश सरकार-सशर्त अनुदान पुँजीगत-नगद | | 13875000.00 | 18500000.00 | 18500000.00 | 18500000.00 | 20350000.00 |
| 4 | प्रदेश सरकार-समपुरक अनुदान-नगद | | 22500000.00 | 30000000.00 | 40000000.00 | 40000000.00 | 44000000.00 |
| 5 | प्रदेश सरकार-विशेष अनुदान-नगद | | 3750000.00 | 5000000.00 | 5500000.00 | 6050000.00 | 6655000.00 |
| 6 | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | | | 0.00 | 0.00 | 0.00 | 0.00 |
| | जम्मा | | 62941500.00 | 83922000.00 | 95178000.00 | 98845800.00 | 108730380.00 |
| | कूल जम्मा | | 1093425666.47 | 1581104318.58 | 1406720555.50 | 1511396611.05 | 1616167162.29 |

नगर कार्यपालिकाको कार्यालय
मेलम्ची नगरपालिका
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७३

CamScanner